# माछापुच्छ्रे गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ०७ संख्याः ०६ मितिः २०८०।०४।०१**

## भाग-१

**सम्बत् २०८० सालको नियमावली नं २**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम गाउँ सभाद्वारा पारित माछापुच्छ्रे गाउँपालिकाको **“सुशासन समितिको कार्य सञ्चालन नियमावली, २०८०**” सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# सुशासन समितिको कार्य सञ्चालन नियमावली , २०८०

माछापुच्छ्रे गाउँपालिकाको शासन व्यवस्था र सेवाप्रवाहलाई थप पारदर्शी, जवाफदेही, जनमुखी, सेवामुखी, जनउत्तरदायी र कानून तथा मापदण्डमा आधारित तुल्याई सुशासनको प्रत्याभूति दिलाउनका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ परिच्छेद ५ को दफा २२ बमोजिम गठीत सुशासन समितिको काम, कर्तव्य, अधिकार तथा कार्य सञ्चालनलाई व्यवस्थित गर्नको लागि माछापुच्छ्रे गाउँपालिकाको प्रशासकीय कार्यविधिलाई व्यवस्थित गर्न बनेको ऐन, २०७४ को दफा (२) तथा स्थानीय सरकार सञ्चालन ऐन , २०७४ को दफा १०२ (२) बमोजिम गाउँसभाले "**सुशासन समितिको कार्य सञ्चालन नियमावली , २०८०**" स्वीकृत गरेको छ ।

## भाग १ प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो नियमावलीको नाम "सुशासन समितिको कार्य सञ्चालन नियमावली, २०८०" रहेको छ ।

(२) यो नियमावली स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(१) "गाउँपालिका" भन्नाले माछापुच्छ्रे गाउँपालिका सम्झनु पर्छ ।

(२) "नियमावली" भन्नाले सुशासन समितिको कार्य सञ्चालन नियमावली, २०८० लाई सम्झनु पर्दछ ।

(३) "कार्यालय" भन्नाले माछापुच्छ्रे गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरु समेतलाई सम्झनु पर्दछ ।

(४) "समिति" भन्नाले गाउँसभाबाट गठित सुशासन समितिलाई सम्झनु पर्दछ ।

(५) "अध्यक्ष" भन्नाले माछापुच्छ्रे गाउँपालिकाको अध्यक्ष लाई सम्झनु पर्दछ ।

(६) "उपाध्यक्ष" भन्नाले माछापुच्छ्रे गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(७) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले माछापुच्छ्रे गाउँपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(८) "कार्यपालिका" भन्नाले माछापुच्छ्रे गाउँपालिका कार्यपालिकालाई सम्झनु पर्दछ ।

(९) "गाउँसभा" भन्नाले संविधानको धारा २२२ को उपधारा १ बमोजिम गठित माछापुच्छ्रे गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्दछ ।

माछापुच्छ्रे गाउँपालिका

(१०) “पदाधिकारी” भन्नाले गाउँ कार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष तथा कार्यपालिकाका अन्य सदस्य सम्झनु पर्दछ ।

(११) “योजना” भन्नाले गाउँसभा, कार्यपालिका तथा विभिन्न समितिको निर्णयानुसार कार्यान्वयन भएका आयोजना तथा कार्यक्रम समेतलाई जनाउँछ । यस शब्दले विभिन्न निकायद्धारा बजेट विनियोजन भई गाउँपालिकाको प्रत्यक्ष रेखदेखमा सञ्चालन भएका योजना तथा कार्यक्रमहरु समेतलाई बुझाउनेछ ।

(१२) “राजस्व” भन्नाले गाउँपालिकाले कानून बमोजिम संकलन गर्न पाउने कर, दस्तुर, शुल्क, महसुल र सो वापतको जरिवानालाई जनाउँछ ।

(१३) “वार्षिक बजेट” भन्नाले गाउँपालिकाको निशर्त, सशर्त, विशेष, वित्तिय सामानिकरण अनुदान, राजस्व बाँडफाँडबाट प्राप्त हुने अनुदान र आन्तरिक आय समेतलाई सम्झनु पर्दछ ।

(१४) “सुशासन” भन्नाले माछापुच्छ्रे गाउँपालिकाको सेवाप्रवाह र कार्यसंचालन पारदर्शी, सहभागितामूलक, जवाफदेही तथा कानूनसम्मत हुनुपर्ने अवस्थालाई सम्झनु पर्दछ ।

(१५) “आर्थिक अनियमितता” भन्नाले आर्थिक नियमानुसार काम सम्पन्न नभएको अवस्थालाई जनाउँछ।

(१६) “लेखापरीक्षण” भन्नाले कार्यक्रम र बजेट अनुसार कार्य सम्पन्न भए नभएको तथा नियम संगत छ छैन भनेर गरिने आम्दानी खर्चको परीक्षण सम्झनु पर्दछ ।

(१७) “सेवाप्रवाह” भन्नाले माछापुच्छ्रे गाउँपालिकाको गाउँपालिकास्तरीय र वडास्तरीय रुपमा प्रवाह हुने सबै प्रकारका सेवा र विकास निर्माणका कार्य एवं सोको निरन्तरतालाई सम्झनु पर्दछ ।

(१८) “सार्वजनिक सम्पत्ति” भन्नाले माछापुच्छ्रे गाउँपालिका क्षेत्रभित्र रहेका सबै प्रकारका सम्पत्ति सम्झनु पर्दछ ।

## भाग २ सुशासन समितिको गठन

**३. सुशासन समितिको गठनः** (१) गाउँपालिकाको शासन व्यवस्थालाई थप जनमुखी, सेवामुखी, जनउत्तरदायी र पारदर्शी तुल्याई वित्तिय सुशासन कायम गराउने उद्देश्यका साथ गाउँसभाबाट देहाय बमोजिमको सुशासन समिति गठन गरिनेछ ।

(क) गाउँ सभा सदस्यहरु मध्ये सभाले छनौट गरेको १(एक) जना — संयोजक

(ख) गाउँ सभाको सदस्य मध्येबाट २(दुई) जना — सदस्य

समितिमा संयोजक तथा सदस्य मनोनयन गर्दा कम्तीमा १(एक) जना महिलालाई मनोनयन गरिनेछ।

(२) गाउँपालिकाको प्रशासन शाखाका प्रमुखले सुशासन समितिको सचिवका रुपमा काम गर्नेछन ।

(३) समितिको बैठकमा समितिका संयोजकले अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत लगायत आवश्यकता अनुसार विषयगत संयोजक र गाउँपालिकाका शाखा प्रमुखलाई आमन्त्रीत गर्न सक्नेछ ।

(४) समितिको पदावधि गठन भएका मितिदेखि यो गाउँसभाको कार्यकाल रहेसम्म वा गाउँसभाले परिवर्तन गर्न आवश्यक नठानेसम्म रहनेछ ।

## भाग ३ सुशासन समितिको काम,कर्तव्य र अधिकार

**४.सुशासन समितिको काम, कर्तव्य र अधिकारः** (१) नियम ३ बमोजिम गठन हुने सुशासन समितिले देहायका विषयक्षेत्रमा अध्ययन, अवलोकन र निरीक्षण गरी गाउँ कार्यपालिकालाई राय, सल्लाह, सुझाव र गाउँ कार्यपालिका तथा गाउँसभा समक्ष प्रतिवदेन पेश गर्नेछ ।

(क) गाउँ कार्यपालिका र गाउँ सभाबाट स्वीकृत नीति, कार्यक्रम, बजेट र अन्य निर्णयहरुको कार्यान्वयन अवस्था र सुधारका उपायहरु,

(ख) सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षणको अवस्था र सुधारका उपायहरु,

(ग) गाउँसभा र गाउँकार्यपालिकाबाट स्वीकृत ऐन, नियम, कार्यविधि, मापदण्ड आदिको पालना एवं कार्यान्वयनको अवस्था र सुधारका उपायहरु,

(घ) गाउँकार्यपालिका कार्यालय, यसका विभिन्न शाखाहरु र वडास्तरबाट हुने सेवाप्रवाह र कार्यसम्पादनको अवस्था र सुधारका उपायहरु,

(ङ) गाउँपालिकाको कामकारबाही, सेवाप्रवाह, विकास निर्माण लगायतका कामहरुमा पारदर्शिता, सहभागिता, जवाफदेहिता, कानूनसम्मत र जनमुखी भएनभएको अवस्था र सुधारका उपायहरु,

(च) गाउँपालिका विरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, हेलो सरकार जस्ता निकायमा परेका उजुरी, गुनासा र निवेदनहरुको अध्ययन गरी कार्यान्वयनको अवस्था र सुधारका उपायहरु,

(छ) गाउँपालिका क्षेत्रमा भ्रष्टाचार नियन्त्रण र सुशासनको अवस्था र सुधारका उपायहरु,

(ज) स्थानीय तहलाई संघ र प्रदेश सरकारबाट भएका परिपत्र र निर्देशनहरुको पालना र कार्यान्वयनको अवस्था र सुधारका उपायहरु,

(झ) गाउँपालिकाका निर्वाचित प्रतिनिधिले गरेका सार्वजनिक प्रतिबद्धता र तिनको कार्यान्वयनको अवस्था र सुधारका उपायहरु,

(ञ) गाउँसभाले तोकेका अन्य विषय र क्षेत्रहरु,

(ट) समितिले आफ्नो कार्यक्षेत्रभित्र रही गरेका कामहरुको प्रतिवेदन चौमासिक रुपमा गाउँकार्यपालिका समक्ष र अर्धवार्षिक रुपमा गाउँसभासमक्ष पेश गर्नुपर्ने छ ।

**५. सुशासन समितिको बैठक सम्बन्धी व्यवस्था र सुविधा :** (१) समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक बस्नेछ ।

(२) सुशासन समितिको बैठकमा भाग लिए बापत सुशासन समितिका सदस्य र आमन्त्रीत पदाधिकारीले कार्यपालिका सदस्यले कार्यपालिका बैठकमा भाग लिए वापत पाउने बैठक भत्ता सरह बैठक भत्ता पाउनेछन ।

(३) सुशासन समितिले आफ्नो वार्षिक कार्यतालिका बनाई गाउँसभाबाट स्वीकृत गराई कार्यान्वयन गराउन पर्नेछ ।

## भाग ४ सुशासन समितिका पदाधिकारीले पालना गर्नुपर्ने आचरणहरु

**६.सुशासन समितिका संयोजक र सदस्यहरुले पालना गर्नु पर्ने सामान्य आचरणहरु निम्नानुसार रहनेछ**

(१) स्थानीय सरकार सञ्चालन ऐनका मान्य सिद्धान्त विपरित सावर्जनिक वक्तव्य दिन नहुने,

(२) स्थानीय शासन र संविधानको सिद्धान्त तथा नीतिको विपरित हुने गरी स्थानीय तहको स्वायत्ततालाई अनादर गर्ने कुनै काम गर्न नहुने ,

(३) गाउँवासी प्रतिको उत्तरदायित्वलाई अस्वीकार गर्न नहुने ,

(४) गाउँपालिका र साझेदार संघ संस्थासँगको कानून बमोजिमको सम्बन्धमा खलल पर्ने जस्ता कुनै लेख, समाचार, भाषण, वक्तव्य प्रकाशन वा प्रशारण गर्न वा गराउनु हुँदैन । तर यस कुराले कुनै जनप्रतिनिधिलाई उल्लेखित विषयमा अनुसन्धानमूलक कुनै लेख रचना प्रकाशित गर्न रोक लगाएको मानिनेछैन,

(५) गाउँपालिकाका साधनश्रोतको दुरुपयोग गर्न नहुने,

(६) प्रचलित ऐन नियमले तोकेको जिम्मेवारीको प्रभावकारी कार्यान्वयन गर्न गराउनु पर्ने,

(७) राजनीतिक आस्था एवं सामाजिक भेदभावले बढावा पाउने व्यवहार गर्न नहुने

(८) कार्य जिम्मेवारी प्रदान गर्दा भेदभाव गर्न नहुने,

(९) कसैको स्वाभिमान र अस्तित्वमा आँच आउने व्यवहार गर्न नहुने,

(१०) विद्यमान सामाजिक मान्यता विरुद्धका आचरण गर्न नहुने तथा लैङ्गिक समानतामा आँच आउने व्यवहार गर्न नहुने,

(११) समितिका सदस्यहरुले कुनै बिषयको अध्ययन तथा अनुसन्धानको सिलसिलामा जानकारी भएको बिषयमा सार्वजनिक रुपमा सञ्चार माध्यमलाई जानकारी गराउने, वक्तव्य दिने वा कुनै किसिमबाट सार्वजनिक गर्न पाईने छैन ।

## भाग ५ विविध

**७. प्रचलित कानून बमोजिम हुने** : यस नियमावलीमा उल्लेख भएका प्रावधानहरु यसै नियमावली बमोजिम हुने र यसमा उल्लेख नभएका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**८. बाधा अडकाउ फुकाउ** : यस नियमावली कार्यान्वयनमा कुनै बाधा अड्चन आएमा गाउँसभाले निर्णय बमोजिम हुनेछ ।

**९. संशोधन तथा खारेजी** : यो नियमावलीको संशोधन वा कुनै नियम खारेजी गर्नु परेमा गाउँसभाले निर्णय गरी आवश्यक संशोधन गर्न सक्नेछ ।

**आज्ञाले,**
**वेदहरि अधिकारी**
**प्रमुख प्रशासकीय अधिकृत**

मूल्यः रु. २०।-

प्रकाशकः

माछापुच्छ्रे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

लाहाचोक, कास्की